एजेण्डाहरू

१. समीक्षा
२. यातायात सञ्चालन सम्बन्धमा
३. कोभिड १९ को जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा
४. शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा
५. एम्बुलेन्स व्यवस्थापन
६. अस्पताल आइसोलेसन वार्ड स्थानन्तरण गर्ने
७. दाहसँस्कार स्थलको सुनिश्चितता तथा तयारी
८. PCR ल्याव सञ्चालन सम्बन्धी
९. विविध

निर्णयहरू

**१. २०७७।०५।३१ गते देखि २०७७।०७।०२ सम्म नुवाकोट जिल्लामा कोभिड १९ सम्बन्धी विद्यमान अवस्था तथा गरिएका र गरिनु पर्ने कार्यहरु देहाय बमोजिम रहेको पाइयो ।**

- यस अवधिमा बेलकोटगढी तथा विदुर नगरपालिका, किस्पांग, लिखु एवं दुप्चेश्वर गाँउपालिकाहरुमा संक्रमित व्यक्तिहरुको Contact Tracing गरिएको तथा १२ वटा स्थानीय तहमा जोखिमयुक्त व्यक्ति समूहहरु तथा क्वारनटाइनमा बसेका ब्यक्तिहरु समेत गरी १३४४ जनाको स्वाव संकलन गरि पिसिआर परीक्षण गरिएको।
- नुवाकोट जिल्लामा संक्रमित व्यक्ति सँख्या २४९ जना रहेको । १३७ जना उपचार पश्चात घर फर्किएका। लक्षण नभएका ब्यक्तिलाय होम आइसोलेसनमा राखिएको । हाल ७५ जना होम आइसोलेसनमा होम आइसोलेसनमा बसिरहेका । आइसोलेसन सेन्टरमा १७ जना बसिरहेका । शिवपुरी गाउँपालिकामा मिति २०७७।०७।०१ गते १ जना कोभिड १९ संक्रमित व्यक्तिको दु:खद निधन भएको । मृतकको कोभिड १९ को कार्यविधि अनुसार २०७७।०७।०१ गते नै नेपाली सेनाबाट (जवरजंग गण, नुवाकोट) शव व्यवस्थापन (अन्तेष्टि) कार्य सम्पन्न भएको ।
- हाल नुवाकोट जिल्लाका अधिकांस स्थानीय तहमा कोभिड १९ का सक्रिय संक्रमित व्यक्ति रहका । पछिल्लो महिनामा कोभिड संक्रमित व्यक्तिको संख्यामा उल्लेख्य वृद्धि भएको, काठमाडौं उपत्यकामा बसेर संक्रमित भएका व्यक्ति त्रिशुली अस्पताल वा नुवाकोट आउने संख्या बढिरहेको । हालै नुवाकोटका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, व्यवसायी लगायत समुदायका सबै क्षेत्रका व्यक्तिहरुमा संक्रमण भेटिएको, काठमाडौं उपत्यकामा संक्रमण दर र संख्या उच्च रहेको र नुवाकोट काठमाडौ उपत्यकामा आवतजावत अत्यधिक रहेकोले नुवाकोट जिल्लामा समुदायमा संक्रमण फैलिरहेको ।
- आइसोलेसन वार्ड: हाल ४६ वेड सञ्चालनमा रहेको ।
- केही स्थानीय तहहरुमा आइसोलेसन सेन्टर स्थापना भएको । जिल्ला स्थित संस्थागत सेन्टर तथा स्थानीय तहहरुमा जम्मा ४५ वेडको आइसोलेसन सेन्टर स्थापना भएको । दुप्चेश्वर, किस्पांग, तारकेश्वर तथा शिवपुरी गाउँपालिकामा उक्त आइसोलेसन सेन्टर स्थापना भएको ।
- त्रिशुली अस्पतालमा **RT PCR** ल्याव स्थापना भएको । जनस्वास्थ्य प्रयोगशाला वागमती प्रदेशबाट उक्त ल्यावको **Field Inspection** सम्पन्न भएको । आवश्यक जनशक्तिहरु पदपूर्ति भइ निजहरुलाई तालिम समेत

प्राप्त भइसकेको । Quality control तथा अन्तिम चरणका प्राविधिक सुनिश्चितताका कार्यहरु भइरहेको । नियमित PCR परीक्षण कार्य आरम्भ गर्नको माथिल्लो निकायबाट स्वीकृती प्रकृयामा रहेको।

- त्रिशुली अस्पतालको नयाँ भवनबाट अस्पतालका विशेषज्ञ, आकस्मिक, लगायत सबै निदानात्मक लगायत सबै नियमित सेवा प्रदान गरि हालको Prefab भवनमा आइसोलेसन वार्ड सञ्चालन गरिनु पर्ने।
- वडा दशै लगायत आउँदा चाडबाडहरुलाइ मध्यनजर गर्दै कोभिड १९ रोकथाम समूह (CPG) मार्फत सबै वडाहरुमा अन्य देश तथा जिल्लाबाट आउने व्यक्तिको निगरानी कार्यलाई निरन्तरता दिदै थप प्रभावकारी बनाउनु पर्ने ।
- सबै प्रकारका कार्यस्थलमा जनस्वास्थ्यका मापदण्डलाई पालना गर्ने गराउने कार्यलाई सम्बन्धित व्यक्ति तथा संस्थाले कडाइका साथ कार्यान्वयन गर्नु पर्ने ।
- अन्य जिल्लाबाट नुवाकोट आउनु हुने सबै ब्यक्तिले १४ दिन Quarantine मा बस्ने कुनै स्वास्थ्य समस्या भएमा स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने व्यवस्था सबै व्यक्ति तथा संघसंस्था कार्यालयहरुले पालना गर्ने गराउने।
- हात धुने, मास्क लगाउने, भौतिक दूरी कायम गर्न तथा स्यानिटाइजरको प्रयोग लगायतका कोभिड १९ रोकथामाका व्यवहार पूर्ण पालना नभएको पाइएकोले सो को लागि सबै नागरिक, परिवार, समुदाय, तथा सार्वजनिक, निजी लगायत सबै कार्यालय तथा संघसंस्थाले ध्यान दिनु पर्ने ।

२.नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०६/२९ गतेको निर्णय बमोजिम जिल्ला भित्र तथा जिल्ला बाहिर सञ्चालित सबै प्रकारका यातायातका साधनहरूमा निम्नानुसारका मापदण्डहरूको पालना गर्ने गराउनेः

(क) छोटो, मध्यम तथा लामो दूरीका सार्वजनिक सवारी साधनमा मिति २०७६ चैत्र ११ गते अघि कायम भएको नियमित भाडादर लागू हुने। कुनै किसिमको थप भाडा लिन नपाइने।

(ख) सबै यात्रुले अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने ।

(ग) सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्ने ।

(घ) चालक र सहचालकले समेत अनिवार्य रूपमा मास्क, भाइजर र पञ्जा लगाउने ।

(ङ) सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने ।

(च) उल्लेखित मापदण्डहरूको पालना भए नभएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले नियमित अनुगमन र चेकजाँच गर्ने ।

(छ) चालक र सहचालकले बारम्बार सेनीटाईजरको प्रयोग गरी हात सफा गर्ने,

(ज) चालक र सहचालकले अनिवार्य मास्क र पञ्जा लगाउने,

(झ) बसपार्कमा भीडभाड नगर्ने, सामाजिक दूरी (कम्तीमा २ मिटरको दूरी) कायम गर्ने,

(ञ) गाडी स्टाफहरू विच हात नमिलाउने, अंगालो हाल्ने काम नगर्ने।

(ट) सहचालकले यात्रुलाई गाडीमा चढाउँदा यात्रुलाई हातमा हैन्ड स्यानिटाईजर दिएर हात सफा गरी सकेपछि मात्र चढ्न दिने,

(ठ) सहचालकले यात्रुसँग भाडा उठाउदा दूरी कायम गर्ने,

(ड) सहचालकले पैसा दिने बेला वा पैसा गन्दा थुक नलगाउने,

(ढ) आफ्नो सामान अरुसँग साटफेर नगर्ने,

(ण) गाडीको गन्तव्यमा पुगी सकेपछि गाडीलाई निसंक्रमित गर्नुपर्ने,

(त) प्रयोग गरि सकेको मास्क र पञ्जालाई जथाभावी नफाली उचित स्थानमा विर्सजन गर्ने र जलाउन वा गाड्नको लागि व्यवस्था मिलाउने ।

३.जिल्लाका सम्पूर्ण क्षेत्रमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम अर्को निर्णय नभएसम्मका लागि देहाय बमोजिमका विषयमा देहाय बमोजिम गर्ने/गराउने:

अ) <u>चाडपर्व मनाउँदा पालना गर्नुपर्ने कुराहरु:-</u>

क. सकेसम्म हाल आफू बसेकै ठाउँमा रहेर चाडपर्व मनाउने। एउटै घरमा बसोबास गर्ने र अनिवार्य भेट्नुपर्ने व्यक्ति बाहेक अन्यसँग भेटघाट नगर्ने ।

ख. मास्कको प्रयोग अनिवार्य रूपले गर्ने ।न्यूनतम सामाजिक दूरी (कम्तीमा २ मिटरको दूरी) अनिवार्य कायम गर्ने ।

ग. चाडपर्व वा आफूले मानी आएको साँस्कृतिक कार्यक्रम वा उत्सव मनाउने क्रममा अनिवार्य रूपले साबुन पानीले मिचिमिची हात धुने वा सेनीटाईजरको प्रयोग गरी हात सफा गर्ने ।

ङ. अभिवादन गर्दा भैतिक दूरी(कम्तीमा २ मिटरको दुरी) कायम गरी टाढैबाट नमस्कार वा अभिवादन गर्ने, तर अंगालो मार्ने वा शरीर छुने कुनै प्रकारको अभिवादन नगर्ने, सतहहरू (रेलिङ, बार आदि) र धेरै व्यक्तिहरूले प्रयोगमा ल्याउने सक्ने सामग्रीहरू नछुने,

च. आँखा, नाक र मुख सकेसम्म नछुने यदि छुनै परेमा अघि र पछि हात धोई वा हातमा स्यानिटाइजर प्रयोग गरी मात्र छुने,

छ. खोक्दा वा हाछ्यु गर्दा रुमाल वा टिस्यू पेपरले मुख छोप्ने,सार्वजनिक स्थलमा जथाभावी नथुक्ने,

झ. पैसाको कारोबार गर्दा सकेसम्म विघुतीय माध्यमबाट गर्ने।

आ) <u>उच्च जोखिम समूहमा पर्ने देहायका व्यक्तिहरूले तोकिएको मापदण्ड बमोजिम सञ्चालन हुने भेलाहरू वा कार्यक्रममा सहभागी नहुने:-</u>

क. ज्वरो,खोकी तथा श्वासप्रश्वासको समस्या भएका व्यक्तिहरू,

ख. ६० वर्ष भन्दा बढी उमेरका व्यक्तिहरू,

ग. १२ वर्ष मुनिका बालबालिकाहरू,

घ. गर्भवती तथा सुत्केरी महिलाहरू,

ङ. रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरू,

च. मधुमेह, क्यान्सर, मुटुरोग, उच्च रक्तचाप, मृगौला र कलेजो सम्बन्धी समस्या भएका, दम लगायत अन्य श्वासप्रश्वास सम्बन्धी दीर्घरोग भएका व्यक्तिहरू,

छ. अंग प्रत्यारोपण गरेका व्यक्तिहरू,

ज. शरीरमा मेडिकल उपकरणहरू राखेका व्यक्तिहरू,

झ. हालसालै सर्जरी गरेका व्यक्तिहरू,

ञ. तत्काल (विगत १५ दिन भित्र) कुनै रोगको उपचारबाट निको भएका व्यक्तिहरू

२८/

इ) व्यापार व्यवसायीहरूले पालना गर्नुपर्ने कुराहरुः-

क. पसल खोल्ने बेला साबुनपानीले मिचिमिची हात धुने वा सेनीटाईजरको प्रयोग गरी हात सफा गर्ने र प्रत्येक ग्राहक सँग पैसा लिने दिने गरिसके पछि साबुनपानीले मिचिमिची हात धुने वा हैन्ड स्यानिटाईजर प्रयोग गर्ने,

ख.व्यवसायीहरूले अनिवार्य मास्क र पञ्जा लगाउने,

ग. बजार तथा खुल्ला भीडभाडमा नबस्ने र सामाजिक दूरी(कम्तीमा २ मिटर) कायम गर्ने,

घ. पैसा लिने दिने बेला वा पैसा गन्दा थुक नलगाउने,

ङ. पसलमा आउने ग्राहकलाई सकेसम्म बाहिरबाट सामान दिने,

च. ग्राहकले पसल भित्र नै आउनै पर्ने भएमा वा सामान छुनु पर्ने भएमा हैन्ड स्यानिटाईजर दिएर हात सफा गर्न लगाउने,

छ. पसलमा डोरी वा घेरा लगाई ग्राहकहरूको सामाजिक दूरीकायम गर्न व्यवस्था गर्ने,

ज. प्रयोग गरि सकेको मास्क र पञ्जालाई जथाभावी नफाली उचित स्थानमा विर्सजन गर्ने र जलाउन वा गाड्नको लागि व्यवस्था मिलाउने ।

ई) बजारमा किनमेल गर्न जाँदा ग्राहकहरूले पालना गर्नुपर्ने कुराहरुः-

क. सेनीटाईजरको प्रयोग गरेर हात सफा गर्ने गराउने,

ख. अनिवार्य मास्क लगाउने,

ग. भीडभाडमा नबस्ने,भौतिक दूरी (कम्तीमा २ मिटरको दूरी) कायम गर्ने,

घ. किनमेलको समयमा आवश्यक बाहेक अन्य सामानहरू नछुने, नचलाउने,

ङ. बजार आउँदा जाँदा साबुनपानी वा सेनीटाईजरले हात सफा नगरी खानेकुरा नखाने,

च. सफा नगरिएको हातले मुख,आँखा र नाकमा नछुने,

छ. आफ्नो सामान अरुसँग साटफेर नगर्ने,

ज. एक व्यक्ति र अर्को व्यक्ति बिच व्यक्तिगत प्रयोग हुने सामान साटासाट नगर्ने,

झ. अति आवश्यक काम बाहेक बजार घुमफिर नगर्ने,

ञ. प्रयोग गरी सकेको मास्क र पञ्जालाई जथाभावी नफाली उचित स्थानमा विर्सजन गर्ने र जलाउन वा गाड्नको लागि व्यवस्था मिलाउने ।

उ) सिनेमा हल, पार्टी प्यालेस, फन पार्क, रंगशाला, फुटसल, खेलकुद स्थल, जिमखाना, फिटनेश सेन्टर, स्वीमिङ पुल, ब्युटी पार्लर, सैलुन लगायतका सेवा तथा स्थलहरू सञ्चालन नगर्ने ।उल्लेखित बाहेकका पसल, व्यवसायहरू तोकिएका स्वास्थ्य सुरक्षा मापदण्ड (अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, दुई मिटरको भौतिक दूरी कायम गर्ने, नियमित रूपमा हात धुने तथा स्यानिटाइजरको प्रयोग गर्ने) पालना गरी सञ्चालन गर्ने। २५ जनाभन्दा बढी सहभागी नहुने गरी अत्यावश्यक स्वास्थ्य र सुरक्षासँग सम्बन्धित बैठक, गोष्ठी वा सेमिनार तथा भर्चुअल बाहेक अन्य सबै प्रकारका बैठक, गोष्ठी वा सेमिनार सञ्चालन नगर्ने।यद्यपी जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी तालिम प्रदायक संस्थाले एकपटकमा बढीमा २५ जना सहभागी हुने गरी बढीमा एक हप्ताको व्यावसायिक तालिम सञ्चालन गर्न सक्ने।

ऊ) विश्वविद्यालय, आयोग, प्रतिष्ठान, बोर्ड, परिषद्, विद्यालय तथा शिक्षण संस्थाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्वस्वीकृतिमा जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी सो मन्त्रालयले तोकेको विधि,

प्रकृया तथा अन्वय व्यवस्थाहरू अवलम्बन गरी परीक्षा सञ्चालन गर्ने। लोक सेवा आयोगद्वारा सञ्चालन हुने परीक्षाको हकमा जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना हुने गरी आयोगले निर्धारण गरेको विधि, पद्धति, प्रकृया तथा अन्य व्यवस्था बमोजिम हुने।

ऋ) आसन्न चाडपर्वहरूलाई ध्यानमा राखी स्थानीय तहले स्थानीय प्रशासनको समन्वयमा सडकपेटीमा तथा अन्य स्थानमा अव्यवस्थित तवरबाट पसल, व्यापार व्यवसाय आदि सञ्चालन गर्न नदिने। नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत कोभिड-१९ का विरामीहरूको स्वास्थ्य मापदण्ड, २०७७ बमोजिम होम आइसोलेसनमा रहेका कोभिड-१९ का विरामीहरूको स्वास्थ्य निगरानी, स्वास्थ्य परामर्श र बिरामीको आवश्यकताअनुसार अस्पताल पुर्‍याउने काममा स्थानीय तहबाट स्वास्थ्यकर्मी परिचालन गर्ने। सबै स्थानीय तहले टोलटोलमा माइकिङ लगायतका अन्य उपयुक्त माध्यमबाट कोभिड-१९ को संक्रमण र रोकथामसम्बन्धी सचेतना र जनजागरणका कार्यक्रम सञ्चालन गर्ने।

४.हाल कोभिड-१९ को महामारीको कारणले अवरुद्ध भएको शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिनको लागि नेपाल सरकार (मं.प) को मिति २०७७/०६/०१ गतेको निर्णयबाट स्वीकृत विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ तथा शिक्षा मन्त्रालयको मिति २०७७/०५/१९ को निर्णयबाट स्वीकृत विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम जिल्लाभित्र शिक्षण सिकाइ क्रियाकलापलाई सहजीकरण गर्ने।

५.बेलकोटगढी नगरपालिकाको कोल्पुटारस्थित Health Desk मा खटिने सुरक्षाकर्मीलाई सोही स्थानमा आवासको बन्दोबस्त गरी थप प्रभावकारी सेवा प्रवाह गर्न मिति २०७७ साल असोज महिना देखि व्यवस्था गरिएको आवास (जम्मा ४ वटा कोठा) को मासिक भाडा बापतको जम्मा खर्च रु.११,२००।-(अक्षेरपी एघार हजार दुई सय मात्र।) अर्को निर्णय नभएसम्मका लागि जिल्ला संकट व्यवस्थापन केन्द्रले व्यहोर्ने।

६.जिल्लाका स्थानीय तहहरूको कुनै खण्ड, बस्ती, टोल वा वडाभित्र कोभिड-१९ संक्रमणको केस देखिएमा संक्रमण देखिएको क्षेत्रको चार किल्ला तोकी थप संक्रमण फैलन नदिनका लागि सम्बन्धित स्थानीय तहले सर्वसाधारणको जानकारी तथा सचेतनाको लागि गर्न हुने र गर्न नहुने क्रियाकलाप सहितको सार्वजनिक सूचना प्रकाशन गर्ने।

७.संकट व्यवस्थापन केन्द्र नुवाकोटको निर्णय अनुसार कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि प्रयोग हुने गरी जिल्ला रेडक्रस सोसाइटीबाट उपलब्ध गराइएको एम्बुलेन्स पछिल्लो महिनामा उपलब्ध नभएकोले नियमित र अनिवार्य रुपमा (ड्राइभर, इन्धन तथा एम्बुलेन्सलाइ आवश्यक सामाग्री सहित) एम्बुलेन्स उपलब्ध गराउन जिल्ला रेडक्रस सोसाइटी, नुवाकोटलाइ निर्देशन दिने ।उक्त एम्बुलेन्स जिल्ला प्रहरी कार्यालयमा राखे तथा स्वास्थ्य कार्यालयसँगको समन्वयमा परिचालन गर्ने ।

८.कोभिड-१९ संक्रमित व्यक्तिको मृत्यु भएमा व्यवस्थापनको लागि शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि २०७६( पहिलो संशोधन २०७७) अनुसार सबै स्थानीय तहलाई दाह संस्कार स्थल सुनिश्चित गर्न र अन्य तयारी गर्न अनुरोध गर्ने ।

९.त्रिशुली अस्पतालमा स्थापना भएको PCR ल्याव सञ्चालन गर्नको लागि तथा धादिङ तथा रसुवा जिल्लाको समेत RT-PCR परीक्षण हुने गरी कोष संकलन, खर्च एवं कार्यविधि सम्बन्धमा सम्बन्धित निकायसंग समन्वय गरी यथाशीघ्र तयारी गर्न त्रिशुली अस्पताललाई निर्देशन दिने ।

१०.त्रिशुली अस्पतालमा सञ्चालित इमरजेन्सी वार्ड, मेटर्निटि वार्ड, रेडियोलोजी, ल्याव, विज्ञ उपचारात्मक सेवा, IPDS ICU सेवा लगायत सबै नियमित सेवाहरु त्रिशुली अस्पतालको नवनिर्मित भवनबाट सञ्चालन गर्ने तथा हाल सञ्चालनमा रहेको अस्पतालको Prefab Building तथा अन्य उपयुक्त भवनहरुलाइ आवश्यक व्यवस्थापन गरी ५० वेडको COVID-19 आइसोलेसन वार्ड तत्काल सञ्चालन गर्नको लागि आइसोलेसन वार्ड स्थानान्तरणको कार्य दशै विदा शुरु हुनु अगावै कार्यान्वयन सम्पन्न गर्न त्रिशुली अस्पताललाई निर्देशन दिने ।

११.वडा दशै लगायत आउँदा चाडवाडहरुलाई मध्यनजर गर्दै कोभिड १९ रोकथाम समूह (CFG) मार्फत सबै वडाहरुमा अन्य देश तथा जिल्लाबाट आउने व्यक्तिको निगरानी कार्यलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

१२. सबै प्रकारका कार्यस्थलमा जनस्वास्थ्यका मापदण्डलाई पालना गर्ने गराउने कार्यलाई सम्बन्धित व्यक्ति तथा संस्थाहरुलाई अनुरोध गर्ने

१३. नुवाकोट आउनु हुने सबै व्यक्तिले १४ दिन **Quarantine** मा बस्ने, कुनै स्वास्थ्य समस्या भएमा स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने व्यवस्था सबै व्यक्ति तथा संघसंस्था कार्यालयहरुले पालना गर्ने गराउने व्यवस्था मिलाउन सबै सम्बद्ध सबैलाई अनुरोध गर्ने ।